(६) एक हजारको मोल कंरु ५० भन्दा बढी ६० सम्म पर्ने हजार गोटाके कंरु — — — — ११

(७) एक हजारको मोल कंरु ६० भन्दा बढी ७० सम्म पर्ने हजार गोटाके कंरु— — — १३

(८) एक हजारको मोल कंरु ७० भन्दा बढी पर्ने हजार गोटाके कंरु — — — — — १५

(४) नेपालमा तयार भएको चुरोटमा कंरु १ प्रतिहजार।

टिप्पणीः—

(१) मोलको अर्थ भारतको अन्तःशुल्क समेतको मोल हो।

(२) उपरोक्त दरबन्दीमा कंरुलाई मोरु गर्नुपर्दा कंरु १०० बराबर मोरु १२५। गर्नु।

आज्ञाले—

हिमालयशमशेर,

सेक्रेटरी—अर्थमन्त्रालय (आयविभाग)।

## अर्थमन्त्रालय (आय–विभागको) सूचना

### कपडामा निकासी पैठारीको महसूल

कपडामा पैठारी महसूल देहायबमोजिम लिने मन्त्रिमण्डलबाट निर्णय भई आएको हुनाले सोबमोजिम गर्नु गराउनुहोला।

(१) मिडियम र कोर्सबानाको कपडामा १ पाई प्रतिगज र फाइन, सुपरफाइन बानाको कपडामा ३ पाई प्रतिगजको दरले महसूल लिनु।

(२) यो दर उपत्यकाञ्चलसम्बन्धी भन्सारहरू अर्थात्— काठमाडौं भन्सार, गौचर भन्सार, चिसापानी भन्सार, लेलेलप्से भन्सार, टिष्टुंपाळुं भन्सार, खोपासी भन्सारहरूमा लागू हुनेछैन।

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि